कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
०८३ ५२३२००
FAX ०८३ ५२०२६६

प.सं. ०७८/०७९
च.नं.:



मितिः २०७९/०३/२३

प्रेस विज्ञप्ति

## एमआरआई मेसिन खरिदबारेका भ्रम र तथ्य

विभिन्न सञ्चार माध्यममा 'चर्को मूल्यमा एमआरआई खरिद गर्दै प्रदेश अस्पताल' शीर्षकमा आएका समाचारप्रति यस अस्पतालको गंभीर ध्यानाकर्षण भएको छ । सीमित साधनस्रोत र जनशक्तिको भरमा कर्णालीका जनतालाई सर्वसुलभ र गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा दिँदै २०७९ को न्यूनम सेवा मापदण्डको मुल्यांकनमा सेकेन्डरी बी लेभलको अस्पतालमा नेपालकै प्रथम स्थान हासिल गर्न समेत सफल भएको अवस्थामा यस खालको आधारहीन र भ्रामक समाचारले अस्पताललाई निकै दुःखित तुल्याएको छ । एमआरआई मेसिन खरिदबारे सत्यतथ्य निम्नानुसार रहेको आम-सरोकारवालालाई जानकारीको लागि अनुरोध गर्दछौं ।

### १) तथ्यहीन र भ्रमपूर्ण तुलना

समाचारहरुमा चर्को मूल्यको प्रमुख आधार काठमाडौंस्थित निजामति कर्मचारी अस्पतालले खरिद गर्न थालेको एमआरआई उपकरणसँग तुलना गरेर तय गरिएको छ । यो कुरा तथ्य नबुझेर अनुमानको भरमा गरिएको भ्रममात्र हो । जब कि उक्त अस्पतालले खरिद गर्न थालेको एमआरआईभन्दा प्रदेश अस्पतालले खरिद गर्न थालेको एमआरआईको क्षमता दोब्बर बढी छ । निजामति कर्मचारी अस्पतालको एमआरई ३२ RF च्यानल र प्रदेश अस्पतालको ६४ RF क्षमताको रहेको छ । निजामति कर्मचारी अस्पतालले खरिद गर्न खोजेको एमआरआई उपकरण प्रदेश अस्पतालले समेत सोही मुल्यमा सहजै खरिद गर्न सक्छ ।

### २) उच्च क्षमतायुक्त मेसिन

प्रदेश अस्पतालले खरिद गर्न खोजेको एमआरआई मेसिन हाल नेपालमा रहेकामध्ये उच्च क्षमता र गुणस्तरको रहेको छ । यसले दैनिक करिब ४५-५० बिरामीको चेकजाँच गर्ने क्षमता राख्दछ । जब कि निजामति कर्मचारी अस्पतालले खरिद गर्न लागेको मेसिनको क्षमता दैनिक करिब ३०-३५ जना मात्र रहेको छ । बिरामीको अत्यधिक चाप रहने प्रदेश अस्पतालको लागि बढी क्षमताको मेसिन अपरिहार्य छ ।

अस्पताल निर्देशक

**३) पारदर्शी र प्रक्रियागत खरिद प्रक्रिया**

हालको विश्व बजारको चलनचल्तीको मूल्यअनुसार मेसिन खरिद गर्न लागिएको हो । खरिद बमोजिमको भुक्तानी सिधै मेसिन उत्पादक कम्पनी (Manufacturer) Siemens Healthcare Germany को नाममा L/C (Letter of Credit) खोली गरिनेछ ।

**४) यही मेसिन किन ?**

अन्य क्षेत्रजस्तै स्वास्थ्य क्षेत्रमा पनि कर्णाली राज्यबाट हेपिएको छ । दक्ष जनशक्ति र अत्याधुनिक उपकरणको अभावमा कर्णालीका बिरामीले बाहिर जानुपर्ने बाध्यता रहेको सबैमा विदितै छ । यही अवस्थामा उपकरण खरिदको लागि संघीय सरकारले बजेट उपलव्ध गराएपछि प्रदेश अस्पतालले गुणस्तरीय, अत्याधुनिक र उच्च क्षमतायुक्त एमआरआई मेसिन खरिद प्रक्रिया अघि बढाइएको छ । मेसिन सञ्चालनमा आएपश्चात कर्णालीका बिरामीले सुर्खेतमै स्तरीय स्वास्थ्य सेवा पाउने छन् । यहाँका बिरामीले उच्च कोटीको उपकरणबाट स्वास्थ्य सेवा पाउने छन् । कर्णालीले पनि अत्याधुनिक, स्तरीय र महँगो स्वास्थ्य उपकरणबाट जनतालाई सेवा प्रदान गर्ने अवसर पाउने छ । कर्णालीवासीले प्रदेश अस्पतालमै राजधानी काठमाडौंमा पाउने स्वास्थ्य सेवा सुलभ रुपमा पाउनेछन् ।

अन्त्यमा, के कर्णालीका बिरामीले उच्च कोटीको स्वास्थ्य उपकरण उपयोग गर्न नमिल्ने हो र ? एमआरआई मेसिन सञ्चालनमा आएपछि यो प्रश्नले स्वतः न्याय पाउने छ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

..............................
डा. डम्बर खड्का
अस्पताल निर्देशक
अस्पताल निर्देशक